आज **मिति २०७७ साल साउन ३० गते** चौरजहारी नगर कार्यपालिकाको **५७ औं बैठक** नगर प्रमुख श्री विशाल शर्मा ज्यूको अध्यक्षतामा बसी तपशिलको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिती**

| क्र.सं. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री विशाल शर्मा | नगर प्रमुख | |
| २ | श्री राधा रोका | उपप्रमुख | |
| ३ | श्री रामबहादुर के.सी. | सदस्य सचिव | |
| ४ | श्री भद्र वहादुर विष्ट | अध्यक्ष वडा नं. १ | |
| ५ | श्री केशव केसी | अध्यक्ष वडा नं. २ | |
| ६ | श्री लाल वहादुर वुढा | अध्यक्ष वडा नं. ३ | |
| ७ | श्री गोपाल भण्डारी | अध्यक्ष वडा नं. ४ | |
| ८ | श्री उदे खत्री | अध्यक्ष वडा नं. ५ | |
| ९ | श्री जयलाल महतरा | अध्यक्ष वडा नं. ६ | |
| १० | श्री इन्द्रलाल शर्मा | अध्यक्ष वडा नं. ७ | |
| ११ | श्री डम्वर वहादुर मल्ल | अध्यक्ष वडा नं. ८ | |
| १२ | श्री महेश स्वर्णकार | अध्यक्ष वडा नं. ९ | |
| १३ | श्री धरम वहादुर के सी | अध्यक्ष वडा नं. १० | |
| १४ | श्री मनमोहन शाह | अध्यक्ष वडा नं. ११ | |
| १५ | श्री टिकाराम वली | अध्यक्ष वडा नं. १२ | |
| १६ | श्री टंक प्रसाद वली | अध्यक्ष वडा नं. १३ | |
| १७ | श्री अतिराम विष्ट | अध्यक्ष वडा नं. १४ | |
| १८ | श्री सुदास स्वर्णकार | सदस्य | |
| १९ | श्री सपना कार्की | सदस्य | |
| २० | श्री देवी खड्का | सदस्य | |
| २१ | श्री विनिता गुरुङ | सदस्य | |
| २२ | श्री दलसरी महतरा | सदस्य | |
| २३ | श्री असारे नेपाली | सदस्य | |
| २४ | श्री लोकेन्द्र परियार | सदस्य | |
| २५ | श्री दिपा के सी | सदस्य | |

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

# २०७७ श्रावण ३० गतेको ५७ औं नगर कार्यपालिकाको बैठकमा पेश भएका प्रस्तावहरु

| क्र.स. | प्रस्तावको विवरण | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| १ | मदिरा नियन्त्रण सम्बन्धी निर्देशिका, २०७७ स्वीकृत गर्ने सम्बन्धी प्रस्ताव । | प्रस्तावमा उल्लेख भए अनुसार प्रस्ताव स्वीकृत गर्ने । | |
| २ | नगरपालिका मार्फत सुपथ मूल्यका पसलहरु सञ्चालन गर्ने सम्बन्धी प्रस्ताव । | प्रस्तावमा उल्लेख भए अनुसार प्रस्ताव स्वीकृत गर्ने । | |
| ३ | नगर शिक्षा नियमावली, २०७४ मा संशोधन गर्ने सम्बन्धी प्रस्ताव । | प्रस्तावमा उल्लेख भए अनुसार प्रस्ताव स्वीकृत गर्ने । | |
| ४ | संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ स्वीकृत गर्ने सम्बन्धी प्रस्ताव । | प्रस्तावमा उल्लेख भए अनुसार प्रस्ताव स्वीकृत गर्ने । | |
| ५ | आर्थिक वर्ष २०७६।०७७ को २०७६ श्रावण १ गतेदेखि २०७७ असार मसान्तसम्मको आय र व्ययको विवरण सार्वजनिक गर्ने सम्बन्धी प्रस्ताव । | प्रस्तावमा उल्लेख भए अनुसार प्रस्ताव स्वीकृत गर्ने । | |
| ६ | साझेदारीमा औद्योगिक ग्राम तथा औद्योगिक ग्रामभित्र स्थापना हुने उद्योगहरु सञ्चालन तथा व्यवस्थापनको लागि स्थान तथा साझेदार छनौट गर्ने सम्बन्धी प्रस्ताव । | प्रस्तावमा उल्लेख भए अनुसार प्रस्ताव स्वीकृत गर्ने । | |
| ७ | विविध समसामयिक विषयहरु समेटिएको विविध विषय सम्बन्धि प्रस्ताव | प्रस्तावमा उल्लेख भए अनुसार प्रस्ताव स्वीकृत गर्ने । | |

2077/05/30

राम बहादुर के.सी.
नि. प्रमुख प्रशासकीय अधिकृत

# ५७ औं नगर कार्यपालिकाको मिति २०७७।०४।३० गतेका निर्णयहरु

निर्णय नं. १ : नगर कार्यपालिकाको आजको बैठकमा पेश भएका प्रस्तावहरुको सम्बन्धमा थप छलफल र अध्ययन गर्नुपर्ने भएकोले मिति २०७७/०५/०५ गते विहान ठीक ११:०० बजे पुनः बैठक बस्ने गरी आजको बैठक स्थगित गर्ने ।

२०७७/०४/३०

राम बहादुर के.सी.
नि. प्रमुख प्रशासकीय अधिकृत

आज **मिति २०७७ साल भदौ ०५ गते** चौरजहारी नगर कार्यपालिकाको **५८ औं बैठक** नगर प्रमुख श्री विशाल शर्मा ज्यूको अध्यक्षतामा बसी तपशिलको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो ।

## उपस्थिती

| क्र.सं. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री विशाल शर्मा | नगर प्रमुख | |
| २ | श्री राधा रोका | उपप्रमुख | |
| ३ | श्री रामबहादुर के.सी. | सदस्य सचिव | |
| ४ | श्री भद्र वहादुर विष्ट | अध्यक्ष वडा नं. १ | |
| ५ | श्री केशव केसी | अध्यक्ष वडा नं. २ | |
| ६ | श्री लाल वहादुर वुढा | अध्यक्ष वडा नं. ३ | |
| ७ | श्री गोपाल भण्डारी | अध्यक्ष वडा नं. ४ | |
| ८ | श्री उदे खत्री | अध्यक्ष वडा नं. ५ | |
| ९ | श्री जयलाल महतरा | अध्यक्ष वडा नं. ६ | |
| १० | श्री इन्द्रलाल शर्मा | अध्यक्ष वडा नं. ७ | |
| ११ | श्री डम्वर वहादुर मल्ल | अध्यक्ष वडा नं. ८ | |
| १२ | श्री महेश स्वर्णकार | अध्यक्ष वडा नं. ९ | |
| १३ | श्री धरम वहादुर के सी | अध्यक्ष वडा नं. १० | |
| १४ | श्री मनमोहन शाह | अध्यक्ष वडा नं. ११ | |
| १५ | श्री टिकाराम वली | अध्यक्ष वडा नं. १२ | |
| १६ | श्री टंक प्रसाद वली | अध्यक्ष वडा नं. १३ | |
| १७ | श्री अतिराम विष्ट | अध्यक्ष वडा नं. १४ | |
| १८ | श्री सुदास स्वर्णकार | सदस्य | |
| १९ | श्री सपना कार्की | सदस्य | |
| २० | श्री देवी खड्का | सदस्य | |
| २१ | श्री विनिता गुरुङ | सदस्य | |
| २२ | श्री दलसरी महतरा | सदस्य | |
| २३ | श्री असारे नेपाली | सदस्य | |
| २४ | श्री लोकेन्द्र परियार | सदस्य | |
| २५ | श्री दिपा के सी | सदस्य | |

# ५८ औं नगर कार्यपालिकाको मिति २०७७।०५।०५ गतेका निर्णयहरु

**निर्णय नं. १** : मदिरा नियन्त्रण सम्बन्धी निर्देशिका, २०७७ स्वीकृत गर्ने सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

**निर्णय नं. २** : नगरपालिका मार्फत सुपथ मूल्यका पसलहरु सञ्चालन गर्ने सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

**निर्णय नं. ३** : नगर शिक्षा नियमावली, २०७४ मा संशोधन गर्ने सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

**निर्णय नं. ४** : संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ स्वीकृत गर्ने सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

**निर्णय नं. ५** : आर्थिक वर्ष २०७६।०७७ को २०७६ श्रावण १ गतेदेखि २०७७ असार मसान्तसम्मको आय र व्ययको विवरण सार्वजनिक गर्ने सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

**निर्णय नं. ६** : साझेदारीमा औद्योगिक ग्राम तथा औद्योगिक ग्रामभित्र स्थापना हुने उद्योगहरु सञ्चालन तथा व्यवस्थापनको लागि स्थान तथा साझेदार छनौट गर्ने सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

**निर्णय नं. ७** : विविध समसामयिक विषयहरु समेटिएको विविध विषय सम्बन्धि प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

२०७७/०५/०५

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

# चौरजहारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## चौरजहारी, रूकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

**विषय :-साझेदारीमा औद्योगिक ग्राम तथा औद्योगिक ग्रामभित्र स्थापना हुने उद्योगहरु सञ्चालन** तथा व्यवस्थापनको लागि स्थान तथा साझेदार छनौट गर्ने सम्बन्धमा ।

**प्रस्ताव पेश गर्न नगर प्रमुखबाट स्वीकृति प्राप्त मिति :-२०७७।०४।२६**

१. **विषयको संक्षिप्त व्यहोरा :-** चौरजहारी नगरपालिका सार्वजनिक निजि साझेदारी ऐन, २०७६ र साझेदारीमा उद्योग स्थापना, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६ लागू भईसकेपछि चौरजहारी नगरपालिकाभित्र सार्वजनिक, निजी र सहकारी क्षेत्रको साझेदारीमा कृषि, वन तथा अन्य स्थानीय स्रोत, साधन र कच्चा पदार्थमा आधारित उद्योग स्थापना, सञ्चालन र व्यवस्थापनको लागि कानूनी व्यवस्थाले पूर्णता पाएको अवस्था छ । नगरपालिकाको अग्रसरतामा नगरपालिकामा आर्थिक वर्ष २०७६।०७७ मा संघ तथा प्रदेश सरकार समेतको सहयोगमा टिस्यु कल्चर, विउँ प्रशोधन केन्द्र, माछापालन व्यवसाय, भैसीपालन व्यवसाय, दाना, जुस, कापी तथा गार्मेन्ट उद्योगको लागि आवश्यक भौतिक संरचना निर्माण, उपकरण खरिद लगायतको कार्यले तीव्रता पाएको छ भने नगरपालिका औद्योगिक विकास तर्फ लम्किरहेको छ । स्थापित उद्योगहरु औद्योगिक ग्रामभित्र सञ्चालन गरी सुव्यवस्थित व्यवस्थापन गर्न सार्वजनिक निजि साझेदारी मोडेल अनुसार काम गर्नुपर्ने देखिन्छ । सिमित स्रोत साधन र असिमित आवश्यकताको कारण औद्योगिकरण सम्बन्धि कार्य नगरपालिका एक्लैले सम्पादन गर्न नसक्ने अवस्था रहेको छ । नगरपालिका र निजि सहकारी संस्थाहरुको साझेदारीमा उद्योग ग्राम स्थापना, सञ्चालन र व्यवस्थापन गर्दा पर्याप्त लगानी जुट्ने र अपेक्षित नतिजा हासिल हुने देखिन्छ ।

२. **प्राप्त परामर्श र अन्य सान्दर्भिक कुरा :-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा (८) मा गाउँपालिका तथा नगरपालिकाले नेपाल सरकार वा प्रदेश सरकारसँगको संयुक्त लगानी वा सार्वजनिक निजी साझेदारीमा कुनै योजना सञ्चालन तथा व्यवस्थापन गर्न सक्नेछ भन्ने व्यवस्था छ । ऐ ऐनको दफा २६ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो कार्य सञ्चालन गर्दा लागत न्यूनीकरण, स्रोत साधनको अधिकतम

राम बहादुर ओली
नि. प्रमुख प्रशासकीय अधिकृत

उपयोग वा प्रभावकारी सेवा प्रवाहको लागि अन्य गाउँपालिका वा नगरपालिकासँग साझेदारी, सम्झौता वा संयुक्त व्यवस्थापन गर्न सक्नेछ भन्ने व्यवस्था छ ।

औद्योगिक ग्राम घोषणा तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७५ को दफा ३ मा औद्योगिक ग्रामको लागि आवश्यक मापदण्डको सम्बन्धमा उल्लेख छ । जसको उपनियम (१) मा पहाडि क्षेत्रमा जग्गाको न्यूनतम क्षेत्रफल ४० रोपनी हुनुपर्ने, घना मानव वस्तिदेखि न्यूनतम एक किलोमिटर दूरी हुनुपर्ने, औद्योगिक ग्रामको २०० मिटरको परिधिभित्र मानव वस्ति विकास नहुने व्यवस्था गर्ने लगायतका मापदण्डको बारेमा उल्लेख छ । ऐ कार्यविधिको ऐ दफाको उपदफा (३) मा उपदफा (१) मा जुनसुकै व्यहोरा लेखिएको भएता पनि निजी क्षेत्रका लगानीकर्ताहरुले आफैले जग्गाको व्यवस्था गरी औद्योगिक ग्रामको स्थापना, विकास, सञ्चालन तथा व्यवस्थापन स्थानीय तहसँग समन्वय गरी आफै गर्न सक्नेछन् भन्ने व्यवस्था छ । ऐ कार्यविधिको दफा ४ मा औद्योगिक ग्राम निर्माण तथा विकासको लागि आवश्यक मापदण्डको बारेमा उल्लेख छ । जसको खण्ड (क) मा औद्योगिक ग्रामभित्रको जग्गाको उपयोग र खण्ड (ख) मा औद्योगिक ग्रामको सडकको मापदण्डको बारेमा उल्लेख छ । ऐ कार्यविधिको दफा ५ मा औद्योगिक ग्राममा उपलब्ध हुने सामान्य सेवा सुविधा र पूर्वाधार विकासको बारेमा उल्लेख छ । ऐ कार्यविधिको परिच्छेद -३ मा औद्योगिक ग्रामको लागि स्थान छनौट, जग्गा प्राप्ति र औद्योगिक ग्रामको घोषणाको बारेमा उल्लेख गरिएको छ । ऐ कार्यविधिको दफा ११ मा औद्योगिक ग्रामको स्थापना र विकासको लागि विभिन्न सरकारी तथा निजी क्षेत्रका निकायबिच समन्वय र सहमतिमा कार्यक्रम सञ्चालन गर्न सकिने व्यवस्था छ । ऐ कार्यविधिको दफा १३ मा औद्योगिक ग्राम विकास निर्माण गर्ने तरिकाको बारेमा उल्लेख छ । जसको उपदफा (१) मा औद्योगिक ग्रामको पूर्वाधार लगायतका सम्पूर्ण विकास निर्माण तथा सञ्चालन व्यवस्थापनका कार्य स्थानीय तह आफै गर्न सक्ने वा स्थानीय तह र निजी क्षेत्रको संयुक्त विकास गर्न सकिने वा निजी क्षेत्रको लगानीकर्ताबाट निश्चित शर्त र प्रक्रिया निर्धारण गरी गर्न सकिने व्यवस्था छ । उपदफा (२) मा संयुक्त सहभागिताबाट विकास गर्दा स्थानीय तहले स्थानीय तहले उपलब्ध गराएको जग्गा निजी क्षेत्रबाट पूर्वाधार विकास गरेर वा स्थानीय तह र निजीक्षेत्र दुवैबाट विकासमा संयुक्त लगानी गरेर वा लागत सहभागिताको प्रतिफल वितरणको व्यवस्था गरेर वा अन्य उपयुक्त तरिका अवलम्बन गरेर गर्न सकिने उल्लेख छ । ऐ कार्यविधिको दफा १४ मा औद्योगिक ग्रामको सञ्चालन र



राम बहादुर के.सी.
नि. प्रमुख प्रशासकीय अधिकृत

व्यवस्थापनको बारेमा उल्लेख छ । जसको खण्ड (१) मा नेपाल सरकारले जग्गा उपलब्ध गराई औद्योगिक ग्राम घोषणा तथा विकास गरी स्थानीय तहलाई व्यवस्थापन गर्न जिम्मा दिन सक्ने, खण्ड (२) मा स्थानीय तहले आफ्नो क्षेत्रमा रहेको वा खरिद गरी प्राप्त गरेको जग्गालाई आफैले औद्योगिक ग्रामको रुपमा विकास गरी सञ्चालन तथा व्यवस्थापन गर्न सक्ने, खण्ड (३) मा निजी क्षेत्रको सहभागितामा औद्योगिक ग्राम विकास गरी सार्वजनिक निजी साझेदारीमा सञ्चालन तथा व्यवस्थापन गर्न सक्ने र खण्ड (४) मा औद्योगिक ग्रामको सञ्चालन तथा व्यवस्थापनको जिम्मा निश्चित शर्त र प्रक्रिया निर्धारण गरी स्थानीय तहले सम्पूर्ण जिम्मा निजी क्षेत्रलाई दिन सक्ने व्यवस्था छ । ऐ कार्यविधिको दफा १६ मा औद्योगिक ग्रामभित्र स्थापना हुने उद्योगको प्राथमिकता तोकिएको छ । जसको उपदफा (१) मा औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित कानून बमोजिम उद्योगको वर्गीकरणमा परेको लघु, घरेलु तथा साना उद्योगमात्र औद्योगिक ग्राममा स्थापना तथा सञ्चालन गर्न पाईने तर औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित कानून बमोजिम अनुमति लिनुपर्ने उपदफा (१) बमोजिमका उद्योग औद्योगिक ग्रामभित्र स्थापना तथा सञ्चालन गर्न नपाईने उल्लेख छ ।

सार्वजनिक निजी साझेदारी ऐन, २०७६ को दफा ३ मा सार्वजनिक निजी लगानीमा परियोजना कार्यान्वयन गर्न सकिने व्यवस्था छ । दफा ४ मा सार्वजनिक निजी साझेदारीका ढाँचाहरुको बारेमा उल्लेख छ । दफा ५ मा परियोजना पहिचान गर्ने, दफा ६ मा परियोजनाको प्राथमिकता निर्धारण गर्ने, दफा ७ मा सार्वजनिक निजी साझेदारी परियोजना छनौटका आधारहरु, दफा ८ मा परियोजना स्वीकृत गराउनु पर्ने, दफा १० मा मनसाय पत्र आह्वान गर्न सक्ने, दफा ११ मा संक्षिप्त सुचि तयार गर्ने, दफा १२ मा प्रस्ताव आह्वान गर्न सक्ने, दफा १३ मा सोझै प्रस्ताव आह्वान गर्न सक्ने, दफा १४ मा प्रस्ताव छनौट गर्ने, दफा १५ मा वार्ताद्वारा परियोजना कार्यान्वयन गर्न सक्ने, दफा १७ मा समझदारीपत्र गर्न सक्ने र दफा २० मा सम्झौता गर्ने लगायतको व्यवस्था छ ।

सार्वजनिक निजी साझेदारीमा उद्योग स्थापना, सञ्चालन र व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७६ को दफा ३ मा समझदारी, सम्झौता र उद्योग दर्ता सम्बन्धी व्यवस्था छ । दफा ४ मा साझेदारी उद्योग सञ्चालन तथा व्यवस्थापन बोर्ड सम्बन्धि व्यवस्था रहेको छ । दफा ९ मा बोर्डको कार्यालय सम्बन्धी व्यवस्था रहेको छ । कार्यविधिको अनुसूची ३ मा साझेदारीको लगानी, सञ्चालन, व्यवस्थापन र स्वामित्व सम्बन्धी व्यवस्था रहेको छ ।



राम बहादुर के.सी.
नि. प्रमुख प्रशासकीय अधिकृत

# चौरजहारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## चौरजहारी, रूकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

३. प्रस्ताव पेश गर्नु पर्नाका कारण र सम्बन्धित शाखाको राय :- सार्वजनिक, निजी तथा सहकारी सम्बन्धी तीन खम्बे अर्थ नीति अनुसार बजार विकेन्द्रीकरणको अवधारणा बमोजिम साझेदारी सम्बन्धी कानून यथाशीघ्र पारित गरी साझेदारीको माध्यमबाट उद्योग लगायतका पूर्वाधार विकासको क्षेत्रमा निजी तथा सहकारी क्षेत्रको लगानी आकर्षण गरी विकासको गतिलाई तीव्रता दिन सार्वजनिक, निजी र सहकारी क्षेत्रको साझेदारी सम्बन्धी कार्यविधि पारित गरी यथाशीघ्र कार्यान्वयनमा ल्याई साझेदारीमा उद्योग स्थापना, सञ्चालन र व्यवस्थापन गर्न आवश्यक देखिन्छ । स्थानीय स्रोत साधन, कच्चा पदार्थ, प्रविधि र सीपको परिचालन गरी लघु, घरेलु तथा साना उद्योगमा लगानी वृद्धि गरी यस्ता उद्योगको स्थापना, विकास र प्रवर्द्धन गर्दै रोजगारी सिर्जनाको माध्यमबाट स्थानीय अर्थतन्त्रमा योगदान पुऱ्याउन छरिएर रहेका साना उद्योगहरुलाई एकिकृत गरी व्यवस्थित गर्दै उत्पादन र उत्पादकत्व वृद्धिका लागि औद्योगिक ग्राम स्थापना र सञ्चालन गर्न वाञ्छनिय भएको छ । यथाशीघ्र औद्योगिक ग्रामको लागि जग्गाको व्यवस्था गरी पूर्व संभाव्यता अध्ययन तथा विस्तृत परियोजना प्रतिवेदन समेत तयार पारी सार्वजनिक निजी साझेदारी मोडेल अनुसार औद्योगिक ग्रामको स्थापना, सञ्चालन, विकास र व्यवस्थापन गर्न आवश्यक छ ।

४. निर्णय हुनुपर्ने व्यहोरा :- साझेदारीमा उद्योग तथा औद्योगिक ग्राम स्थापना, सञ्चालन, विकास तथा व्यवस्थापन गर्न जग्गा र साझेदार छनौट सम्बन्धी देहायको प्रस्ताव स्वीकृत गर्न वाञ्छनिय भएकोले साझेदारीमा उद्योग तथा औद्योगिक ग्राम स्थापना, सञ्चालन, विकास तथा व्यवस्थापनको लागि जग्गा तथा साझेदार छनौट गर्ने सम्बन्धी निर्णय कार्यपालिकाबाट स्वीकृत गर्ने सम्बन्धि प्रस्ताव स्वीकृत गर्न चौरजहारी नगर कार्यपालिका समक्ष प्रस्ताव पेश गर्न नगर प्रमुखज्यूबाट स्वीकृति प्राप्त भएकोले चौरजहारी नगरपालिका (कार्य सम्पादन) नियमावली, २०७४ को नियम ७ को अनुसूची १ को विषय सङ्ख्या १५ बमोजिम यो प्रस्ताव पेश गरिएको छ ।

**निर्णयको व्यहोरा**

(१) औद्योगिक ग्राम स्थापना, सञ्चालन, विकास र व्यवस्थापनको लागि कम्तिमा ४० रोपनी जग्गा आवश्यक पर्ने, सो बराबरको जग्गा तत्कालै उपयुक्त स्थानमा सार्वजनिक वा प्रति जग्गाको रुपमा प्राप्त हुन सक्ने वा नगरपालिकाले खरिद गर्न सक्ने अवस्था



राम बहादुर के.सी.
नि. प्रमुख प्रशासकीय अधिकृत

नरहेको, जहारीखोला नमूना कृषि सहकारी संस्था लि.को नाममा रहेको जग्गामा हाल नगरपालिका, संघ तथा प्रदेश सरकार समेतको लगानीमा टिस्यु कल्चर, विउ प्रशोधन केन्द्र, माछापालन, गार्मेन्ट उद्योग, भैसीपालन व्यवसाय लगायतको लागि आवश्यक भौतिक संरचना तीव्र गतिमा निर्माण भईरहेको एवम् नजिकै आसपासमा खोलाले धार परिवर्तन गरी छोडेको ऐलानी तथा पर्ति जग्गाहरु समेत भई उक्त सहकारी संस्थाको जग्गा औद्योगिक ग्राम स्थापनाको लागि उपयुक्त रहेकोले उक्त सहकारी संस्था जग्गा पूर्ण रुपमा औद्योगिक ग्रामको लागि उपलब्ध गराउन इच्छुक भएको खण्डमा सोही स्थानमा औद्योगिक ग्राम स्थापना, सञ्चालन, विकास तथा व्यवस्थापनको लागि विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार पारी सोही अनुसार उक्त सहकारी संस्था र नगरपालिकाको संयुक्त लगानीमा सार्वजनिक निजी साझेदारी ऐन, २०७६ एवम् साझेदारीमा उद्योग स्थापना, सञ्चालन र व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६ अनुसार औद्योगिक ग्राम स्थापना, सञ्चालन, विकास तथा व्यवस्थापन गर्ने ।

(२) औद्योगिक ग्रामभित्र टिस्यु कल्चर, विउ प्रशोधन केन्द्र, मत्स्यपालन व्यवसाय, भैसीपालन व्यवसाय, दाना उद्योग, जुस उद्योग, गार्मेन्ट उद्योग र कापी उद्योग स्थापना गरी उक्त सहकारी संस्था र नगरपालिकाको संयुक्त लगानीमा सार्वजनिक निजी साझेदारी ऐन, २०७६ एवम् साझेदारीमा उद्योग स्थापना, सञ्चालन र व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६ अनुसार उद्योगहरुको स्थापना, सञ्चालन, विकास तथा व्यवस्थापन गर्ने ।

(३) नगरपालिकाले सहकारी संस्थासँग साझेदारी गरी औद्योगिक ग्राम तथा औद्योगिक ग्रामभित्र स्थापना हुने उद्योगहरुको सञ्चालन, विकास र व्यवस्थापनको लागि साझेदारी ऐन, २०७६ र साझेदारीमा उद्योग स्थापना, सञ्चालन र व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६ बमोजिम तीव्र गतिमा प्रक्रिया अगाडि बढाउने ।

(४) सहकारी संस्था र नगरपालिकाबीचमा साझेदारीमा औद्योगिक ग्राम तथा औद्योगिक ग्रामभित्र स्थापना हुने उद्योगहरु सञ्चालन, व्यवस्थापन र विकासको लागि समझदारीपत्र तथा सम्झौता भए पश्चात् साझेदारी बोर्डको गठन र साझेदारी बोर्डको कार्यालयमा रहने प्रमुख कार्यकारी अधिकृत लगायतका कर्मचारीहरु छनौट गर्न

# चौरजहारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## चौरजहारी, रूकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

नगरपालिकाले उल्लेखित ऐन र कार्यविधि एवम् प्रचलित अन्य कानून अनुसार प्रक्रिया अगाडि बढाउने ।

..............................
रामबहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत